# तिनाउ गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम

**प्रश्तुतकर्ताः अध्यक्ष श्री प्रेम श्रेष्ठ**

गाउँपालिकाका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरू , कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्य तथा सभाका सदस्य ज्यूहरू, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू,

तिनाउ गाउँपालिकाको गरिमामय एघारौ गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावहरू प्रति हार्दिक स्वागत अभिभादन व्यक्त गर्न चाहन्छु । राष्ट्रको हितको लागि विभिन्न समयकालमा आफ्नो ज्यान अर्पण गर्नुहुने ज्ञात अज्ञात सहिदहरू प्रति भावपुर्ण श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

हामीहरू संघीयता लागु भएपछिको दोस्रो स्थानीय तहको निर्वाचनमा निर्वाचित भएर आएका जनप्रतिनिधिहरू हौं । अहिले हामी पाँच वर्षको कार्यकालको पहिलो वर्षको नीति कार्यक्रमको तर्जुमा तथा बजेट विनियोजन गर्ने तयारीमा छौं । नेकपा एमाले , नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र गरी ३ फरक फरक पार्टीबाट प्रतिनिधित्व गरी यस गाउँ सभामा आएका छौं । हामी आगामी दिनहरूमा समझदारी र सहकार्यमा सन्तुलित ढङ्गले विकास निर्माणका कामहरू र जनताको सेवामा क्रियाशिल रहने प्रतिवद्धता व्यक्त गर्दै सरोकारवाला सबैको साथ र सहयोग रहने छ भन्ने पुर्ण विश्वास लिएको छु । आगामी वर्षको विकास निर्माणका कामहरू समयमै सुरू गरी समयमै सम्पन्न गर्नका लागि सम्पूर्ण जनप्रतिनिधिहरू तथा कर्मचारी साथीहरू समयमै आ.ब. को सुरूवात संगै नयाँ जोश जागर , उत्साहका साथ सकृयरूपमा परिचालित हुन विनम्र पूर्वक अपिल गर्दछु ।

सभाका सदस्यज्यूहरू,

अब म आर्थिक वर्ष २०७९।०८० को वार्षिक  नीति तथा कार्यक्रम यो गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु

## १. भौतिक पूर्वाधार तर्फ

विकासका साझेदारहरूलाई पहिलो प्राथमिकतामा राखी २ वा २ भन्दा वढी पालिकाहरू विच निर्माण हुने भौतिक पूर्वाधारका योजनाहरूलाई आपसी सल्लाहमा त्यस्ता कार्यक्रमहरूलाई लाग्ने रकम म्याचिङ गरी संचालन गर्न प्राथमिकता दिइनेछ ।

## सडक आयोजना

विकासको मेरूदण्ड भनेको सडक हो । तिनाउ गाउँपालिका भौगोलिक हिसावले ठुलो क्षेत्रफल ओगटेको विकट क्षेत्र तथा छरियर रहेको वस्तीलाई सडक संजाले समेट्न निकै कठिन रहेको छ अधिकांश क्षेत्र चुरेमा पर्ने भएको हुदा निर्माण भएका कच्ची सडकहरूको दिगोपना नरहने अवस्था छ । सडकको विकास विना अन्य पक्षको विकास हुन सक्दैन भन्ने अवधारणलाई अवलम्वन गर्नु पर्नेछ । योजना तर्जुमाको सिलशिलामा वस्ती स्तरमा योजना संकलन गर्ने क्रममा सबै वडाहरूवाट सडक योजनाहरू नै मागको प्राथमिकतामा परेका छन । तसर्थ गाउँपालिकाको आ.ब. ०७९।०८० को नीति तथा कार्यक्रममा सडक लाई नै प्राथमिकतामा पारी नीति तथा कार्यक्रम तय गरिएको छ ।

तिनाउ गाउपालिकाको विकट वडा न. १ को रितुङ ठाडेमा गाउपालिका भित्रै वाट सडक संजालमा जोडिनेछ । खोलिएका मोटरबाटोहरुलाई स्तरउन्नती गरी ब्यवस्थीत गर्दै लगिनेछ । दोभान बोटेगाउँ सालवास मरेक मोटरवाटोको स्तरउन्नती गरिनेछ । लग्दुवा विसमुरे मोटरवाटो स्तर उन्नती गरिनेछ । घोडेवास वडहरे मारावास मोटरवाटो स्तर उन्नती गरिनेछ । चरचरे मरामकोट मरामकोट मोटरवाटो स्तरउन्नती गरिनेछ । भैसीकट्टा पिपलडाडा मोटरवाटो स्तरउन्नती गरिनेछ । बुढीकोट वन्चरे देउराली मोटरवाटो स्तरउन्नती गरिनेछ । चरचरे कोलडाडा मोटरवाटो स्तरउन्नती गरिनेछ । गिट्टीखानी वौरीडाडा सत्यवती मोटरवाटो स्तरउन्नती गरिनेछ । बौरीडाडा गिजनचौर मोटरवाटो स्तरउन्नती गरिनेछ । बेशी थपनडाडा मोटरवाटो स्तरउन्नती गरिनेछ । उजुर्वी लगाड मोटरवाटो स्तरउन्नती गरिनेछ । जिम्मालटो सराङखोला चौकिभन्ज्याङ माथागढी मोटरवाटो स्तरउन्नती गरिनेछ साथै माथागढी गाउँपालिका संग साझेदरीमा सडक सुधार गरी दई गाउपालिका जोड्ने सडकको निर्माण गरिनेछ । कुसुनडाडा जामुने मोटरवाटो स्तरउन्नती गरिनेछ लगायत अन्य सडकहरूमा पनि नियमित स्तरउन्नती गरिदै लगिनेछ । दशैंको अवसरमा वर्षादको कारण पहिरोगई सेवा अवरद्ध भएका सडकमा सवारी चलाउन आवश्यक पर्ने वजेट लागत अनुमानको आधारमा ब्यवस्थापन गरी सडकहरू सूचारू गरिनेछ ।

आ.ब. ०७९।०८० मा तिनाउ गाउँपालिकाका महत्वपूर्ण सडक निर्माण तर्फ लुम्विनी प्रदेश सरकारको र गाउँपालिकाको ५०/५० प्रतिशत साझेदारीमा देहायका योजनाहरू संचालन गरिनेछ ।

१. खुर्सानी कचल पाहारे मोटरवाटो स्तरउन्नती

२. दोभान झ्याङला हरियाली गाउँ मोटरवाटो स्तरउन्नती

३. गोरवन्दी सत्यवती पर्यटन सडक स्तरउन्नती

४. घुघुरा विष्कुनडाडा भक्तेछाप कसेनी मोटरवाटो स्तरउन्नती

५. आँपचौपारी वेलडाडा चिदीस शिखरडाडा मोटरवाटो स्तरउन्नती

## सिचांईतर्फ

कृषि विकासको लागि सिंचाईको सवैभन्दा ठूलो भुमिका रहेको हुन्छ । तिनाउ गाउँपालिका भित्रको सवैभन्दा ठूलो कचल फाँटका लागि केन्द्र बाट प्रदेश सरकारहुदै बजेट विनियोजन भै नहर निर्माण भैरहेकोमा यस वर्ष सम्पन्न हुनेछ । पालिका तथा वडागत रूपमा वडा नं १ लाकाघाट मुहनटोल सिंचाई योजना वडा नं २ वडडाडा सिंचाई योजना , डोल सिंचाई , काठेगैरा सिंचाई, घोडेवास सिंचाई योजना, वडा न. ३ दुमैफाट माथिल्लो कुलो सिंचाईयोजना, डुडेगैरा अर्घाछाप सिंचाई योजना वडा न. ४ को खहरे खोाल सिंचाई योजना, डुडाखोला सिंचाई योजना वडा न. ५ आठमुरे खेत सिंचाई योजना वडा नं ६ को पुग्दी सिचाई योजनाहरू निर्माण तथा मर्मत गरी संचालनमा ल्याईनेछ ।

## भवनतर्फ

आधुनिक र सुरक्षित भवन गाउँपालिकाको गहना हो । गाउँपालिकाले भवन निर्माणमा भूकम्प प्रतिरोधी घर निर्माण गर्ने, घर बनाउदा गाउँपालिकाले पास गरेको तिनाउ भवन निर्माण मापदण्ड २०७७ लाई पूर्ण रूपमा पालना गरिनेछ । साथै पुराना वनी सकेका घरहरूलाई पनि अभिलेखिकरणको प्रकृयामा समावेश गरिनेछ । पालिका भित्र रहेका विभिन्न मोटरवाटोको किनारमा घर वनाउदा गाउपालिकाबाट पास गरी तोकिएको सडकको मापदण्ड (Right of Way) पुरागरी भवन निर्माण गर्ने व्यवस्था मिलाईने छ ।

तिनाउ गाउपालिकाका सबै वडामा वडा भवनहरू निर्माण सम्पन्न हुने अवस्थामा रहेका छन जसमा वडा नं. १, २ र ५ निर्माण सम्पन्न भई कार्यालय संचालनमा रहेका छन भने अन्य वडा नं. ३, ४ र ६ नम्वर वडाका भवनहरू आगामी आ.ब. वाट कार्यालय संचालन हुने गरी सम्पन्न गर्ने नीति तयगरी वजेटको व्यवस्था गरिनेछ । वडा नं. १ को वडाभवन कम्पाउण्ड तथा छत मर्मतका लागि वजेट विनियोजन गरिनेछ । तिलोत्तमा प्राविधिक शिक्षालय झुम्साको भवन निर्माणको वाँकी कार्य सम्पन्न गर्नको लागि वजेट विनियोजन गरिनेछ । सबै वडाका अधुरा सामुदायिक भवनहरू पुरागर्न गाउँपालिका तथा वडा स्तरवाट वजेटको व्यवस्था मिलाइनेछ ।

# सामाजिक विकास तर्फ

## खानेपानी तथा सरसफाई

नेपाल सरकारको नीति अनुरूप एक घर एक धाराको नारालाई सार्थक वनाउन अधुरा रहेका ठुला खानेपानी योजनाहरूलाई यस आ.ब.मा सम्पन्न गर्नै नीति तय गरी वजेट विनियोजन गरिएकोछ । लिफ्टीङ खानेपानी आयोजनाहरू विद्युत आपुर्तिको समस्याको कारणले प्रभावित बनेका छन् । हरियालीगाँउ लिफ्ट खानेपानी योजना , ताल मुर्थुम लिफ्ट खानेपानी योजना, सिखरडाडा खानेपानी योजना, चिउरेपानी लिफ्ट खानेपानी योजना, घुघराछाप लिफ्ट खानेपानी योजना पाखापानी खानेपानी योजना, धैयार खानेपानी योजना कचल खानेपानी योजना यस आ.ब.मा सम्पन्न गरिनेछ साथै साना साना

खानेपानी योजनाहरू वडा स्तरीय कार्यक्रम अन्तर्गत आवश्यक रकम विनियोजन गरी व्यवस्थित गरिने छ ।

- निर्माण सम्पन्न पश्च्यात खानेपानी योजनाहरूमा उपभोक्ताहरूले प्रत्येक घरघरमा धारा तथा मिटरबक्स जडान गरी न्यूनतम शुल्क लिएर समितिबाटै मर्मत संभार गर्ने व्यवस्था गरिनेछ ।
- तिनाउ गाउँपालिका भित्र संचालित लिफ्टीङ खानेपानी योजनाहरूको मासिक उठेको विद्युत महसुल उपभोक्ता समितिले विद्युत प्राधिकरण लाई तिरेको रकमको २५ प्रतिशत रकम वडाकार्यालयको सिफारिसको आधारमा गाउपालिकाले उपभोक्ता समितिलाई शोधभर्ना फिर्ता गरिनेछ ।

## शिक्षा,युवा तथा खेलकुद तर्फ

शिक्षा देशकै सामाजिक विकास को मेरूदण्ड हो । गुणस्तरीय शिक्षा हाम्रो अभिभारा भन्ने मान्यताका साथ विद्यालय शिक्षाको सुधारका लागि स्पष्ट दृष्टिकोण र प्रतिवद्धताका सहित गाउपालिका भित्रका सबै वालवालिका हरुलाई शिक्षाको पहुँचवाट वाहिर नरहने अवस्थाको सुनिश्चितता गरिनेछ । आर्थिक रूपले विपन्न वर्गका लागि विशेष सहुलियतको व्यवस्था गरिनेछ । तिनाउ गा.पा.अन्तर्गत विद्यालयमा आधारित बाल विकास केन्द्र ३३ वटा र समुदायमा आधारित ८ वटा गाउपालिकावाट अनुदान प्राप्त ३ गरी ४४ बालविकास केन्द्र रहेका छन । यस पालिकाभित्र माध्यामिक विद्यालय ९ वटा, आधारभूत विद्यालय ११ वटा र प्राथमिक विद्यालय २० गरी ४० वटा विद्यालय संचालनमा रहेका छन । वडा नं. ६ मस्यामको डुम्रेमा एक मस्याम एकिकृत क्याम्पस संचालनमा रहेको छ । वडा नं. २ दोभान मा.वि.मा बाली विज्ञान र वडा नं. ३ तिलोत्तमा मा.वि.झुम्सामा अटोमोवाइल प्राविधिक शिक्षा संचालनमा रहेको छ आगामी दिनमा आवश्यकता पहिचान गरी प्राविधिक शिक्षा लाई अन्य विद्यालयहरुमा पनि स्थापना गर्न पहल गरिनेछ । आ.ब. ०७९।०८० का लागि देहाय बमोजिम नीति तथा कार्यक्रमहरू तय गरिएको छ ।

- ➢ गाउँपालिका भित्रका दुई प्राविधिक विद्यालयहरुलाई यस आ.ब. बाट आवासीय विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि सहयोग गरिनेछ ।
- ➢ बाल कक्षा देखि ३ कक्षा सम्म भूई बसाई व्यवस्थापन गरीनेछ ।
- ➢ शिक्षाको समग्र विकासको लागि शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गरीनेछ ।
- ➢ स्थानिय पाठ्यक्रम अनुसार पाठयपुस्तकको विकास गर्दै लगिनेछ र कक्षाकोठाभित्र यसको प्रयोग गरीनेछ ।
- ➢ गाउँपालिकाभित्र रहेका अभिभावक विहिन,असहाय, विपन्न र अनाथ बालबालिकाहरुलाई माध्यमीक स्तरसम्मको शिक्षामा विशेष सहयोग गर्ने कार्यक्रम ल्याईनेछ ।
- ➢ प्रधानाध्यापक, विषयगत शिक्षकहरूको क्षमता अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन तालीम,अर्न्तक्रिया गोष्ठी ,कार्यशाला संचालन गरीनेछ ।

- विद्यालय सुधार तथा सुशासन कायम गर्न विद्यालय अनुगमन तथा निरीक्षण कार्यलाई थप प्रभावकारी गराईनेछ ।
- विद्यार्थीहरूको प्रतिभा पहिचान, प्रस्फुटन गर्न विद्यालय स्तरीय विभिन्न अतिरिक्त क्रियाकलापहरू तथा प्रतियोगीताहरू आयोजना गरीनेछ ।
- शिक्षकहरूको सीप तथा क्षमता अभिवृद्धि गर्न शैक्षिक अवलोकन भम्रणको व्यवस्था गरीनेछ
- कक्षा ३ सम्म अंग्रेजी माध्यमको लागि सहयोग कार्यक्रम निरन्तर संचालन गरीनेछ ।

## स्वास्थ्य तर्फ

नेपालको संविधानमा नै आधारभुत स्वास्थ्य सेवालाई जनताको मौलिक हकको रूपमा इंगित गरेको परिपेक्ष्यमा तिनाउँ गाउँपालिकाले पनि ४ वटा स्वास्थ्य चौकीहरू तथा १० वटा सामुदायिक स्वास्थ्य इकाईहरूबाट आधारभुत स्वास्थ्य सेवा दिदै आएको छ । भौगोलिक विकटता, छरिएका वस्तीहरू, स्वास्थ्य जनचेतनाको कमी रहनुका बाबजुद पनि तिनाउ गाउँपालिकाले उपचारात्मक, प्रबर्द्धनात्मक, प्रतिकारात्मक र आधारभूत प्राथमिक उपचार सेवा पुऱ्याउन प्रयासरत रहेको छ । आ.ब. ०७९।०८० का लागि देहाय बमोजिम नीति तथा कार्यक्रमहरू तय गरिएको छ ।

- गर्भजाच तथा संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्दै शुन्य होम डेलिभरी उन्मुख गाउपालिका बनाइनेछ
- कोभिड विरूद्धको खोप तथा १५ देखि २३ महिनासम्मको सम्पूर्ण बालबालिकाहरूमा पूर्ण खोप दिगोपनाको सुनिश्चितता गरिनेछ ।
- ५ वर्ष मुनिका बालबालिकाहरूमा कडा कुपोषणको स्थितिको अन्त्य गरिनेछ ।
- तिनाउ गाउपालिका वडा नं.६ मा प्रसुति केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।
- तिनाउ २ हरियाली गाउमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी सञ्चालन गरिनेछ ।
- आमा र शिशुको ज्यान बचाउनको लागि जुनसुकै स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई नेपाल सरकारको अलावा थप रू १५०० र प्रोटोकल अनुसारको गर्भजाचमा थप ८०० गरी जम्मा रू २३०० यातायात खर्च दिने व्यवस्था गरिनेछ ।
- आयुर्वेद उपचार सेवा तथा आखा उपचार केन्द्रबाट सेवा निरन्तरता दिईनेछ ।
- महिला स्वास्थ्य स्वयम्सेविकालाई प्रोत्साहन स्वरूप नेपाल सरकारको अलावा थप मासिक रू १००० यातायात खर्च उपलब्ध गराईनेछ ।
- प्रोटोकल अनुसार गर्भ जाचलाई उत्प्रेरणा दिन साथै गर्भवतिमा थप पोषणको लागि गर्भ अवस्थाको ४,६,८ र ९ औ महिनामा स्वास्थ्य जाच गर्दा "तिनाउ गाउपालिकामा गर्भजाच तथा संस्थागत सुत्केरी प्रोत्साहन कार्यबिधि, २०७८" बमोजिम सुविधा उपलब्ध गराईनेछ ।
- स्वास्थ्य संस्थाहरूबाट उपलब्ध हुने आधारभुत स्वास्थ्य सेवा निशुल्क रूपमा उपलब्ध गराउनको लागि आवश्यक पर्ने औषधि उपकरणहरू खरिद गरि अभाव हुन नदिने व्यवस्था गरिनेछ ।

- सानै उमेरदेखि स्वास्थ्य सम्बन्धी ब्यवहारिक ज्ञान प्रवर्द्धन गर्न साथै बाल विवाह न्युनिकरण गर्न विद्यालयहरूमा "विद्यालय स्वास्थ्य कमिटी" गठन गरी परिचालन गरिनेछ ।
- बालविवाह दुरूत्साहनको लागि बाल विवाहमा आमा समुह सहभागी नहुने तथा सहयोग नगर्ने अभियान चलाईने छ ।
- ६ कक्षा माथिका प्रत्येक विद्यार्थीको रक्तसमुह तथा किशोरीहरूको हेमोग्लोविन जाच गरिने छ ।
- नियमित रूपमा महिलाहरूको पाठेघरको मुखको क्यान्सर, स्तनक्यान्सर, पाठेघरखस्ने समस्या पहिचान जाच शिविर सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई थप गुणस्तरीय बनाउन स्वास्थ्य संस्था न्युनतम सेवा मापदण्ड लागु गरि अनुगमन तथा मुल्यांकनलाई निरन्तरता दिईनेछ ।
- १० वेडको आधारभुत अस्पताल निर्माण गर्नको लागि ७.२ रोपनी जग्गा आवश्यक पर्ने भएकाले पायक पर्ने स्थानमा जग्गा प्राप्तीको निम्ती यथाशिघ्र पहल गरिनेछ ।
- गर्भवति महिला प्रसुतीहुन स्वास्थ्य संस्था जादा र सडक दुर्घटनामा परेकाहरूलाई आवश्यक परेमा एम्वुलेन्स सेवाको यातायात खर्चको सोधभर्ना प्रदान गरिनेछ ।
- प्रत्येक त्रैमासिकमा उपलब्ध स्रोत साधनको आधारमा निश्चित टोल, वस्तीमा गई ज्येष्ठ नागरिकहरूलाई निशुल्क प्रयोगशाला परिक्षण तथा स्वास्थ्य जाच गरिनेछ ।
- प्रत्येक प्रसुती केन्द्रमा टाढा टाढाबाट सुत्केरी सेवा लिन आउनेलाई निशुल्क खाने, बस्ने सुविधासहितको प्रसुति कुरूवा कक्षको निर्माण गरिनेछ ।
- भौगोलिक रूपमा विकट तथा पिछिडिएको स्थानमा दन्त तथा आखा उपचार सम्वन्धी शिविर सञ्चालन गरिनेछ ।
- प्रत्येक स्वास्थ्य चौकीबाट अनलाईन रिपोर्टिङ गर्नका लागि आवश्यक कम्प्युटरको ब्यवस्था गरिनेछ
- प्रत्येक वडाबाट खोप सेवा प्रदान गर्दा कोल्डचेन ब्यवस्थापन गर्नका लागि आवश्यक रेफ्रिजेरेटरको ब्यवस्थापन गरिनेछ ।
- सुनौलो १००० दिन समुहको पोषण स्थितीमा सुधार गर्नका लागि कुखुराको चल्ला वितरण गरिनेछ ।
- दोभान स्वास्थ्य चौकीको प्रयोगशालालाई थप स्तरोन्नती गरिनेछ ।
- तिनाउ गाउपालिका अन्तर्गतका प्रसुति केन्द्रको फोहोरको उचित ब्यवस्थापन गरिनेछ ।
- किशोर किशोरी र अभिभावकहरू विच हुने स्वास्थ्य सम्वन्धी अन्तरपुस्ता द्वन्द्व कम गर्न नियमित अन्तरक्रिया सञ्चालन गरिनेछ ।
- किशोरीहरूमा हुने रक्तअल्पताको न्युनीकरणको लागि पहिचान शिविर तथा आवश्यक परामर्श दिईनेछ

- दुर्घटना तथा आकस्मिक अवस्थामा रक्त समुहको महत्व हुने हुनाले कम्तिमा ५०० जनाको निशुल्क रक्त समुहको जाच गरिनेछ साथै स्थानिय संघ संस्थाको सहयोगमा रक्तदाता समुहलाई सक्रिय बनाईनेछ ।
- दोभान स्वास्थ्य चौकीबाट निशुल्क नेपाल सरकारको मापदण्ड अनुसारको गर्भपतन सेवा उपलब्ध गराईनेछ ।
- निजीरूपमा सञ्चालित औषधि पसलको निगरानी तथा अनुगमन गरिनेछ ।
- थप स्वास्थ्य चौकीमा प्रयोगशाला विस्तारको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूको अनिवार्य अवकाश हुदा रू १,००,००० सम्मान स्वरूप उपलब्ध गराईनेछ ।
- घुम्ती प्रयोगशाला अवधारणाको अभ्यास स्वरूप मासिक रूपमा १ पटक कचल स्वास्थ्य चौकीबाट प्रयोगशाला सेवा प्रदान गरिनेछ ।
- गाउँपालिका कार्यालयमा एक स्तनपान कक्ष निर्माण गरी प्रयोगमा ल्याइनेछ ।

## युवा तथा खेलकूद तर्फ

सभ्य, अनुशासन र मर्यादित समाज निर्माणको आधार भनेको खेलकूद र कलाकारिता नै हो, यसले समाजलाई एकताको शुत्रमा बाँध्ने काम पनि गर्दछ । राष्ट्रिय पहिचान र गौरवको विषय पनि खेलकूद र कला नै हो, यसर्थ पालिकाले यस क्षेत्रको विकासका लागि पनि उत्तिकै महत्व दिनु पर्दछ । यसका लागि आगामी वर्ष युवाहरूको चाहाना र खेलखेल्ने सीपलाई महत्व दिदै यसको उचित ब्यवस्थापन गर्न पालिका स्तरीय खेलकुद आयोजना गरिनेछ । यस आ.ब.मा पनि तिनाउ अध्यक्ष कप भलिवल रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गरि युवाहरूलाई परिचालित गरी कार्यक्रम तर्जुमा गरिने छ । वडाहरूमा रहेका खेलमैदानहरू विस्तार तथा स्तरोन्नती गरिदै लगिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लक्षित वर्ग) कार्यक्रम तर्फ

तिनाउ गाउँपालिकाले आगामी आ.ब. ०७९।०८० मा महिला, जनजाती, युवा, दलित, फरक क्षमता भएका ब्यक्ति, ज्येष्ठ नागरिक,एकल महिला, बालबालिका, ्लोपोन्मुख जाती सबैको सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउने नेपाल सरकारको नीति अनुरूप लक्षित वर्गको सशक्तिकरणका विविध कार्यक्रम मार्फत समावेसी सिद्धान्त अनुरुप समताको अवस्थामा ल्याउन संयोजक जनप्रतिनिधिको रोहवरमा सम्वन्धीत शाखाको कर्मचारी मार्फत सशक्तिकरण, आर्यआर्जन, क्षमता विकास लगायतका प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्दै लगिने छ । वास्तविक लक्षित वर्गसम्म कार्यक्रमको पहुँच पुग्न सकेको देखिदैन तसर्थ नेपाल सरकारले लागू गरेका सशर्त अनुदानका कार्यक्रमहरूलाई यथावत् रूपमा

लागू गर्दै पालिका स्तरबाट महिला तथा बालबालिका विकासमा वास्तविक लक्षित वर्गसम्म पहुँच पुग्ने गरी केही विशेष कार्यक्रम लागु गर्न वजेटको ब्यवस्था गरिएको छ ।

- महिला शसक्तिकरणको लागि बहस पैरवी गरी विपन्न वर्ग लक्षित वस्तुगत टेवा, आयआर्जन, सिप विकास र नेतृत्व तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- लैगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी अभियान, तालिम र जनचेतनामुलक कार्यक्रम गरिनेछ ।
- लैगिक हिंसा न्युनिकरण, प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोरीहरूलाई आत्मरक्षा तथा जीवनोपयोगी सिप सम्बन्धी तालिम सञ्चालन गरिनेछ
- अपाङ्गता भएका ब्यक्तिहरूको परिचय पत्र वितरण तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ
- ज्येष्ठ नागरिकहरू लाई परिचय पत्र वितरण, दिवा सेवा कार्यक्रम, सम्मान कार्यक्रम तथा सरोकारवाला सँग अर्न्तक्रियाकार्यक्रमहरू सञ्चालन गरिनेछ
- लैगिक हिंसा निवारण एंव बालराहत कोष स्थापना भएकोलाई निरन्तरता दिइने छ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका स्तरीय वालमैत्री गाउँसमिति सकृय गराई कार्यक्रम संचालन गरिनेछ ।
- बालविबाह, बहुविवाह तथा छुवाछुत जस्ता सामाजिक कुप्रथा तथा कुरीतिलाई अन्त्य गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिकाहरू भविश्यका कर्णधार हुन । बालबचाउ, बालविकास, बालसंरक्षण, बालसहभागिताको अधिकार सुनिश्चित गर्न तिनाउ गाउँपालिकालाई आगामी ३ वर्ष भित्र बालमैत्री गाउँपालिका बनाउन बाललगानी नीति अबलम्वन गरी कार्यक्रम ल्याइनेछ ।
- तिनाउ गाउँपालिकाका वालवालिकाहरूको स्थिति प्रतिवेदन (**Child Profile)** तयार गरिनेछ ।
- अविभावक विहिन हिंसा पिडित बालबालीकाहरूलाई पठनपाठनको निम्ति बाल कोष स्थापना गरी सहयोग उपल्ब्ध गराइने छ ।

- प्रत्येक वडामा वडा स्तरीय बाल संजाल निर्माणगरी सकृय वनाई पालिका स्तरीय बाल संजाल बाल संरक्षण समितिलाई सकृय रुपमा अगाडी बढाउने कार्यक्रम संचालन गरिनेछ ।

सभाका सदस्यज्यूहरू,

## आर्थिक विकास तर्फ

## कृषि तथा पशुपालन

तिनाउ गाउँपालिका कृषि तथा पशुपालनको लागि उपयुक्त स्थल मानिन्छ । यहाँ कृषिको लागि उर्वर फाँटहरू रहेको छ भने पशुपालनको लागि उपयुक्त बनजङ्गल, बोटविरूवा घाँस लगाउन प्रशस्त जमिनहरू रहेको छ । साथै बजारीकरणको लागि बुटवल बजार नजिकै रहेको छ । कृषिपेशा लाई निर्वाहभुखि होइन ब्यवसायीक र आत्मनिर्भर उन्मुख हुनु जरूरीछ। तिनाउ गाउँपालिकाले हेफर ईन्टिरनेसनल समेतको साझेदारीमा गतवर्ष देखि कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना संचालन गरेको छ । यसबाट १२०० महिला तथा १५० युवा पुरूष गरी १३५० जनालाई बाख्रापालन बंगुरपालन वा तरकारी खेतीमा जोड्ने उनीहरूलाई तालिम दिने साथै दोभान क्षेत्रको दुग्ध संकलन केन्द्र स्थापना गरिनेछ । तिनाउ गाउँपालिका भित्र उत्पादित कृषि उपजहरूलाई बुटवल उपमहानगरपालिकासंग सहकार्य गरी बुटवल हाटबजारमा कृषि स्टल राख्ने पहल गरिनेछ । कृषि उपज बस्तुहरूको राम्रो भाउमा विक्री गर्न तथा बस्तुहरू सुरक्षित गरी राख्न प्रदेश सरकार संग एक कोल्ड स्टोरको माग गरिनेछ ।

कृषितर्फ सदा झै गहुँ, मकै, धानको विउ वितरण फलफुलको विरूवा वितरण, मिनिटिलर ५० प्रतिशत अनुदानमा वितरण, तरकारी विउविजन वितरण, तरकारी पकेट कार्यक्रम, कृषि पाठशाला, प्लास्टिक पोखरीको लागि प्लास्टिक वितरण, बाली संरक्षण शिविर तथा विषादी वितरण, आलु पकेट कार्यक्रम संचालन गरिनेछ ।

आ.ब. ०७९।०८० का लागि कृषि तथा पशुपालन क्षेत्रमा देहाय बमोजिम नीति तथा कार्यक्रमहरू तय गरिएको छ ।

- यस गा.पा. भित्र खाद्यन्न आयात न्युन गर्न प्रत्येक वर्ष जस्तै ५०% अनुदानमा धान ,गहुँ तथा मकै को विउ वितरण गरिनेछ ।
- कृषि क्षेत्रमा यान्त्रीकरणको लागी ५०% अनुदानमा मिनिटिलर वितरण गरिनेछ ।
- बगैचा स्थापना कार्यक्रम मार्फत निःशुल्क फलफुल विरूवा  वितरण गरिनेछ ।

- सिचाईको समस्या भएको क्षेत्रमा आकाशको पानी संकलन गर्न प्लाष्टिक पोखरी निर्माणको लागि निःशुल्क प्लाष्टिक वितरण गरिनेछ ।
- रोग किराबाट बालीनालीमा हुने क्षेती न्युनीकरण गर्न प्रत्येक वडामा बाली उपचार शिविर संचालन गरिनेछ ।
- सम्भावना रहेको स्थान छनौट गरि तरकारी खेती, आलु खेती, मौरी पालन तथा च्याउ खेतीको लागी क्षेत्र विस्तार कार्यक्रम संचालन गरिनेछ ।
- करेसाबारी निर्माणको लागि गा.पा अध्यक्ष संग किसान कार्यक्रम अन्र्तगत १००० घरधुरी लाई निःशुल्क विउ विजन वितरण गरिनेछ ।
- कृषि प्रविधि विस्तारको लागी उत्पादन प्रदर्शन, कृषक पाठशाला तथा तालिम संचालन गरिनेछ ।
- कृषि सेवालाई प्रभावकारी बनाउन थप २ वटा (झुम्सा तथा डुम्रे) सेवा केन्द्र स्थापना गरिनेछ ।
- सघिय सरकारद्वारा हस्तान्तरित २ बर्ष पुरा भई सकेको पकेट विकास कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रको कृषि उपजको ब्राण्डीङ्ग प्रक्रिया अगाडी बढाइने छ ।

## पशुशेवा कार्यक्रम तर्फ

- पशु शाखा मार्फत प्रत्येक वडामा १/१ जना प्राबिधिक रहने गरी पशु सेवा सम्पर्क स्थल वडा न १ को कचलमा २ को दोभानमा वडा न ३ को झुम्सा मा र वडा न ६ को डुम्रेमा स्थापना भइसकेकोमा थप वडा न ४ र ५ को लागी पशु प्राबिधिकको ब्यवस्था मिलाई पशु सेवा परामर्श दिने ब्यवस्था गरिने छ,
- पशु सेवा सम्पर्क केन्५ बाट निसुल्क औषधि वितरण पशुलाई, भ्याक्सिन लगाउने ब्यवस्था, घासको बिउ/बेर्ना वितरण कृत्रिम गर्भाधान गर्न आवश्यक नाइट्रोजन साथै अन्य सामग्री उपलध गरिने छ,
- यस क्षेत्रमा दुध उत्पादन वृद्धि गर्नका लागि वडा न ६ को कासिभंज्यांग, कालिमाटी, दाहिनडाडा, करातुङ् पुग्दी क्षेत्रलाई भैसी पालन क्षेत्रको रूपमा विकास गर्दै लगिने छ साथै डेरी र सहकारी मार्फत किसान लाई स्वच्छ र सफा गुणस्तरिय दुध उत्पादन सम्बन्धि अभिमुखिकरण गरिने छ
- यस क्षेत्रमा मासु उत्पादन वृद्धि गर्नका लागि बाख्रा र बंगुरपालन ब्यवसायलाई प्राथमिकतामा राखी काम गरिने छ । त्यसका लागि वडा न ३ को सरांग्खोलालाई बाख्रा पकेट को रूपमा निरन्तर दिइने छ,

- पशुपालन ब्यसायलाई प्रबर्धन गर्न औषधि तथा उपकरण, यन्त्र तथा औजार खरिद / वितरण, घास वितरण र खोर/गोठ तथा पोखरी सुधार लाई प्राथमिकतामा राखेर काम गरिने छ भने शिविर कार्यक्रम त्यस्तै प्रसारका कार्यक्रम र सुत्केरी पोषण कार्यक्रम पनि यस वर्ष संचालनमा आउने छन ।
- एक बर्षे / बहुबर्षे घास बितरण, खोर/गोठ तथा पोखरी सुधार वा निर्माण, दूध तताउने मेसिन, काउ म्याट, क्रसर, प्लेट दाना मेसिन जस्तै मेसिनरी वा अन्य उपकरण /आवस्यक सामाग्री वितरण गरिने छ ।
- भ्याक्सिनेसन, औषधि उपचार , परामर्श सेवा, पनि फर्ममा गइ दिइने ब्यवस्था गरिने छ, ।
- कृषक तालिम, भ्रमण, कृषक गोष्ठी आदि कृषि प्रसार कार्यक्रम अन्तर्गत रहेर गरिने छ र सुत्केरी पशुलाई क्याल्सियम, मिनरल आदि वितरण गर्ने ब्यवस्था गरिने छ ।

## तिनाउ कृषि तथा पशु उद्यमशिलता विकास परियोजना तर्फ

तिनाउ कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अर्न्तगत आ.व २०७९।८०मा निम्न अनुसारका कार्यक्रमहरू संचालन गरिनेछन ।

१ तिनाउ गाउँपालिको साझेदारीमा कार्यक्रम संचालन तथा ब्यवस्थापन गर्ने सम्बन्धी ऐन तथा कार्यविधि वनाई साझेदार संस्था हेफर नेपाल र सामाजिक श्रोत विकास केन्द्र नेपाल संगको सहकार्यमा कार्यान्वयन गरिने छ ।

२. साना पशुको खोर निर्माण तथा भकारो सुधार सहयोग गरिने छ ।

३. १५० जना युवालाई क्षमता अभिबृद्धि गर्दै कृषि तथा पशुपालनको क्षेत्रमा उद्यमी बन्न ब्यसाय सुरू गर्न आंशिक सहयोग तथा बैक संग सस्तो ब्याजमा कर्जा लगानी गर्न सहजिकरण गरिने छ ।

४. महिला उद्यमी द्धारा संचालन गर्ने गरी सहकारी गठन तथा पुनःगठन गरी कृषि उत्पादन र वजारीकरण गर्नका लागि सहयोग तथा सहजिकरण गरिने छ ।

५. सहकारी सदस्यहरूका लागी कृषि, पशुको उत्पादनमा बृद्धि,बजारीकरण तथा संस्थागत क्षेत्रमा क्षमता अभिबृद्धिका लागि तालिम तथा भ्रमणको आयोजना गरिने छ ।

६. सहकारी, दातृनिकाय तथा सहयोगी संघ संस्गथा संगको सहकार्यमा पशु तथा तरकारीको सामुहिक बजारीकरणका लागी संकलन केन्द्र निर्माण गरिने छ र तिनाउको कृषि उपजको बजारीकरणका लागि बुटवल नगरपालिका संग समन्वय गरिने छ ।

७. तिनाउ पालिकाकाको न्यूनतम ८० प्रतिशत किसानको पहुंच हुने गरी पशु पंक्षीलाई लाई जुकामाटेको औषधी वितरण र पशु स्वास्थ्य शिविर संचालन गरिने छ र किसानको गोठ गोठमा प्राबिधिक सेवा प्रदान गर्न सहयोग गरिने छ ।

८. वडाका सम्भाब्य स्थानमा घाँसको श्रोतकेन्द्र निर्माण गरी घाँस विकासमा जोड दिईने छ ।

९. मूल समुहमा उत्पादीत पशु तथा बस्तुहरू उपहार सुमहमा बितरण गरिने छ ।

१०. तौल प्रणालीवाट खसीबोका विक्री गर्नका लागी आवस्यक सहयोग गरिने छ ।

११. अर्गानिक बेसार उत्पादनका लागी उद्योगको सम्भाब्यता अध्ययन गरिने छ ।

१२. समुह सदस्यहरूको क्षमता अभिबृदिका लागी तालिम तथा भ्रमण गराईने छ ।

१३. दुग्ध उत्पादन, डेरी ब्यवसाय संचालन तथा वजारीकरणमा सयोग गरिने छ ।

१४. कृषि एम्बुलेन्स सेवालाई बिस्तार गर्न सहजिकरण गरिने छ ।

१५. तिनाउ कृषि रणनीति बनाई कार्यान्वयनमा ल्याइने छ ।

१६. किसानलाई कृषि एप्सबाट खेती,रोगकिरा नियन्त्रण तथा उत्पादन बृद्धि र बजारीकरणमा क्षमता विकास गर्न सहयोग गरिने छ ।

१७. दालचिनी र जडीबुटिको बजारीकरण सहयोग गरिने छ ।

१८. बुटवलको बजारको सम्भावनालाई हेरी अर्गानिक तरकारी तथा रैथाने जातको बाली प्रबद्धन तथा वजारीकरणमा स्थानीय सहकारीलाई सहयोग गरिने छ ।

१९. पालिका स्तरिय परियोजना ब्यवस्थापन तथा अनुगमन समिति सदस्यहरूलाई क्षमता अभिबृद्धितालिम संचालन गरिने छ ।

## संस्कृति र पर्यटनतर्फ

संस्कृति हाम्रो सम्पदा हो यसमा संरक्षण गर्न हाम्रो दायित्व हो । गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक तथा जातीय संस्कृति संरक्षण गर्ने गरी गाउपालिकाले संस्कृति संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरू संचालन गर्न जरूरी छ । गाउँपालिका भित्र रहेका विभिन्न मठमन्दिर, गुम्वा र पुरातात्विक केन्द्रहरूको संरक्षण तथा संबर्द्धन गर्दै सवै संस्कृतिलाई समान महत्व दिने नीतिका साथ कार्यक्रम तर्जुमा गरिने छ । ठुलोनाच, सोरठी, झ्याउरे जस्ता विभिन्न सास्कृतीक नाच नौमती वाजा तथा भेष भुषालाई प्रवर्धन गर्दै लगिनेछ । तिनै संस्कृति र सांस्कृतिक सम्पदाहरूसंगै पर्यटन विकासका सम्भावना खोजी गरी पर्यटन विकासबाट आर्थिक लाभ लिने तर्फ पालिकाले जोड दिनेछ । प्राकृतिक सम्पदाहरूको पहिचान प्रचार प्रसार संरक्षण तथा सम्बर्द्धन गर्दै जनताको आर्थिक र सामाजिक विकास तथा एकता कायम गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरू सन्चालन गरिने छ । पार्क निर्माण, होमस्टे सन्चालन र प्रवर्द्धन सहित उच्च समस्थली भू-भागमा पोखरी र ताल तलैया निर्माण एवं संरक्षणका कार्यक्रमहरूलाई निरन्तरता दिइने छ । परम्परागत चलीरहेको सास्कृतीक तथा मगर समुदायको वाहुल्यता रहेको समुदायको सम्मानका लागि तिनाउ गाउँपालिकामा स्थापना भएको मगर संग्रालयलाई गाउपालिकाले आगामी दिनमा संरक्षणक योजना संचालनका लागि प्रदेशसंग

सहकार्य गर्दै लैजाने छ साथै लोपुन्मुख हुन लागेका अन्य संस्कृतीहरूको खोजीगरी संरक्षण गर्ने नीति अवलम्वन गरिने छ ।

१. सिद्धवबाबा मन्दिर, नुवाकोट, सत्यवतिताल, सुकेताल, वसन्तपुर, गड्डा, हात्तीकोट, भ्याङ्गला, जन्तिलुङ्ग, मरामकोट, भिगामारा, ठुलिउदाङ्ग, गिन्टार कचलफाँट क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिदै लगिने छ नया पर्यटकिय दृष्टिले राम्चेडाडाको पर्यटकीय विकास सम्भावनाको अध्ययन अवलोकन गरिनेछ ।

२. नुवाकोटमा उजिर सिं थापा, मणिमुकुण्दसेन स्मृति पार्क सास्कृतिक डबली निर्माण सम्पन्न भएको र यस आ.ब मा नेपाल अंग्रेज युद्ध स्मारक पार्क सिल्यान्यास भएकोलाई निरन्तरताको लागि प्रदेशमा अनुरोध गरिनेछ।

३. सत्यवतीताल पर्यटन प्रवर्धनका लागि गुरू योजना अनुसारका कार्यक्रम अगाडि वढाइनेछ ।

५. सुकेतालमा संन्चालित होमस्टे प्रवर्द्धन गर्दै तालको क्षेत्र विस्तार गरि डुङ्गा सन्चालन भैसकेको हुँदा बाँकी प्रर्बद्धनका कार्यहरू अगाडी बढाइने छ ।

६. यस गा.पा. भित्र रहेका तालतलैया, झरनाहरूलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिदै लगिनेछ । चुनमाया पार्क जाने वाटो निर्माणका लागि प्रदेश सरकारसंग माग गरिनेछ ।

७. खुलखुले पार्कको निर्माण कार्यलाई प्रदेश सरकार संगको साझेदारीमा अगाडी बढाइनेछ । अन्य पर्यटकीय स्थान गुफाचौर, देवीस्थान, कौडेलेक, माइला चौरपार्क, बोक्से खोला झरना, भूतखोलाको सिद्ध सरोवर, अव्राहम पार्क, भर्तृहरी पार्क, चुनुमाया स्मृति पार्क, रेम्वो पार्क, लगायतका सम्भावित पर्यटकीय क्षेत्रको विकासलाई आगामी दिनमा प्रदेश सरकारको साझेदारीमा अगाडी बढाउदै लगिनेछ

८. निजी क्षेत्रबाट नुवाकोट, बसन्तपुर र सत्यवती ताल सम्म जाने गरी सुरू गरिएका केवुलकार निर्माणको कामलाई गाउँपालिकाबाट आवश्यक सहयोग र सहजीकरण एवं सहयोग गरिनेछ ।

## वन वातावरण तथा विपद ब्यवस्थापन तर्फ

### वन वातावरण तथा भू-संरक्षण तर्फ

यस तिनाउ गाउँपालिकाको तल्लो भाग प्राय सबै चुरे क्षेत्रमा पर्दछ । भूबनोटका हिसावले चुरे क्षेत्र अति नै संवेदनशील क्षेत्रका रूपमा परिचित छ । यस क्षेत्रलाई बचावट गरी विपत न्युनिकरण गर्नु र भू-सुन्दरतालाई कायम राख्न जरूरी छ । नदी कटानबाट रोक्न वन क्षेत्रको सुरक्षा, वैज्ञानिकरण र ब्यवस्थित गर्नु र बातावरणलाई मानव तथा जीवमैत्री बनाइ प्राकृतिक सन्तुलन कायम गर्ने तर्फ पालिकाले जोड दिनेछ । कचल खोला, तिनाउ खोला, बाह्रविसे, डुम्रे खोला, झुम्सा

खोलामा तटबन्धनको कार्यक्रम, वन डढेलो नियन्त्रणका लागि अग्नि रेखा रेखाङ्कन, डढेलो सचेतना कार्यक्रम, वृक्षारोपण कार्यक्रम जस्ता कार्यक्रमलाइ निरन्तरता दिइने छ । त्यस बाहेक वन उपभोक्ता समितीको विभिन्न कार्यक्रम तथा क्रियाकलाप बारेमा जानकारी लिने, र अतिक्रमण गर्ने कार्यलाई रोक्नका लागि सुरक्षात्मक ब्यवस्था कायम गर्ने तर्फ गाउँपालिकाको नीति रहेको छ । सब डिभिजन वन कार्यालय दोभान संगको सहकार्यमा दोभान नर्सरीमा कागती, दालचिनी लगायतका विरूवा उत्पादन गरिनेछ । गाउँपालिकाको पहलमा सरोकारवाला निकाय संगको छलफलबाट बन ऐन गाउँसभा बाट पास गरी लागु गरिनेछ ।

## विपद ब्यवस्थापन तर्फ ः

मनसुनको समयमा भारी वर्षा, आगलागी, भूकम्प, आँधिबेरी जस्ता विपतले सार्वजनिक एवं निजी जीवनमा पर्ने असरलाई कम गर्न, पिडितलाई केही न केही राहतका प्याकेजद्वारा ती क्षेत्रहरूलाइ संबोधन गर्ने गरी एक विपद ब्यवस्थापन कोषको स्थापना गरी कार्यविधि समेत बनि सकेको अबस्था छ । सो कोषलाइ बडोत्तरी गरी बिपदमा परेका नागरीकहरूलाइ छिटो भन्दा छिटो कार्यविधि बमोजिम राहत उपलब्ध गराउने कार्यलाइ ब्यबस्थित गरिदै लगिने छ । विपत ब्यवस्थापनका राहतका लागि आवश्यक सामाग्रीहरू खरिद गरिने छ । कोभिड रोगका कारण मृत्यु भएका परिवारलाई एकमुष्ट रू. ३५ हजार उपलब्ध गराइने छ । गाउपालिका भित्र दैविप्रकोपमा परी मृत्यु भएको अवस्थामा परिवारलाई रू. ३५ हजार उपलब्ध गराइने छ ।

## खानी, खनिज पदार्थ र नदिजन्य पदार्थ तर्फ ः

तिनाउ गाउँपालिका खानी तथा खनिज पदार्थमा धनी गाउँपालिका हो । यहाँ हाल सम्म ६ वटा चुनढुंगा खानी र एक वटा फलाम खानी दर्ता भई संचालनमा आइरहेका छन र केही थप चुनढुंगा खानी र ढुंगाखानी दर्ता भई संचालन हुने अवस्थामा रहेका छन । हाल सम्म तिनाउँ गाउँपालिकामा खानी उद्योग संचालनको रोयल्टीवाट उठेको रकमको १० प्रतिशतले हुन आउने रकम र थप वातावरणीय शुल्कमा केही बृद्धि गरी गाउँपालिकाको खातामा प्राप्त हुने ब्यवस्था मिलाइनेछ । यस बाट केहि रोजगारीको सिर्जना भएको भएता पनि यसले वातावरण प्रदुषण, भू क्षय , वन विनासको खतरालाई पनि वढाएको छ । खानी संचालकले आफुले पुरा गर्नुपर्ने दायित्व भित्र पर्ने भू क्षय नियन्त्रण, वृक्षारोपण, धुलो नियन्त्रण गर्नगराउन पहल गरिनेछ । नदीजन्य वस्तु निकासीमा संघीय, प्रदेश सरकारले तोके अनुसार लागु गरिनेछ ।

## संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

- मितव्ययीता र पारदर्शितालाई मूलमत्र वनाउदै वित्तिय अनुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त र पारदर्शि वनाइनेछ ।
- अत्यावस्यक र उपलब्धीमुलक तालिम गोष्ठी अभिमुखिकरण कार्यक्रमहरू मात्र संचालन गर्ने र त्यस्ता कार्यक्रम संचालन गर्दा मितव्ययिता अपनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- सुशासन प्रवर्द्धन गर्न उत्कृष्ट कार्य सम्पादन गर्ने अनुशासित कर्तब्यनिष्ट इमान्दार कर्मचारीहरूलाई सम्मान तथा पुरस्कृत गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक खरिद ऐन नियमावली तथा आर्थिक ऐनको अधिनमा रहि आर्थिक कृयाकलाप संचालन प्रकृयालाई निरन्तरता दिइनेछ ।
- पूजीगत वजेट खर्चलाई वस्तुनिष्ट र गुणस्तरीय वनाउन समयमै योजनाको संझौता कार्यान्वयन र भुक्तानीको नीति अंगिकार गरी कडाइका साथ पालना गरिनेछ ।
- सुत्रमा आधारित लेखाप्रणाली ब्यवस्थित गर्दै आगामी आ.ब.बाट गाउपालिकाका सबै भुक्तानी इपेमेन्ट **(Electronic Fund Tranfar)**को विधि अपनाईने छ र अनिवार्य लागु गरीने छ ।
- गाउपालिका आन्तरीक नियन्त्रण प्रणाली निर्देशिका वनाई लागु गरिनेछ ।
- गाउँपालिकाको कार्य सम्पादन पारदर्शि उत्तरदायि वनाउदै जनताको सू–सूचित हुनपाउने हक तथा सुशासनको प्रत्याभूतीका लागि सूचना, कार्यपालिकाको निर्णय तथा चौमासिक खर्च विवरण वेबसाइटमा राख्ने तथा तोकिए अनुसार सार्वजनिक सुनवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्थानीय रेडियो पत्रपत्रिका टेलीभिजन मार्फत गाउँपालिकाका गतीविधि तथा सूचना प्रकासन तथा प्रसारणका लागि स्थानीय मिडियाहरू संग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

## राजश्व परिचालन तर्फ

- **तिनाउ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना वनाई लागु गरिनेछ ।**
- **राजश्व सम्भाव्यता अध्ययन गरी करका दर तथा दायरा पुनरावलोकन गर्दै लगिनेछ ।**
- **कर प्रणालीलाई बैज्ञानिक वस्तुनिष्ठ र ब्यवहारिक वनाइनेछ ।**
- **नागरिकहरूलाई समयमा कर तिर्ने वानिको विकास गर्न प्रवर्धनात्मक कार्यक्रम संचालन गर्ने । समयमै कर नतिर्ने प्रवृतीलाई निरूत्साहित गरिने छ। आगामी दिनमा गा.पा.मा सबैभन्दा धेरै राजश्व समय भित्रै तिर्ने ब्यवसायी लाई सम्मान गरिनेछ ।**
- **सम्पत्ती कर ब्यवस्थापनलाई बैज्ञानिक र ब्यवस्थित वनाइने छ ।**

## न्यायिक समिति तर्फ :

यस गाउँपालिका अन्तर्गत संविधान एवं स्थानीय सरकार संचालन ऐन अनुसार उपाध्यक्ष श्री लालबहादुर थापाको संयोजकत्वमा ३ सदस्यीय न्यायीक समिति रहनेछ सो समितिका २ जना सदस्यहरू यस गाउसभावाट मनोनयन गरि पूर्णता दिइनेछ। ऐन अनुसार तोकिएका न्यायिक क्षेत्राधिकार भित्र रही उजुरीदर्ता देखि न्यायिक निरूपण गर्ने कार्यलाई ब्यवस्थित गरिनेछ ।

स्थानीय सरकार तिनाउ गाउँपालिका अन्तर्गत रहेका नागरिकहरू कोही पनि सामान्य देखि जटिल विवादका विषयहरू मध्ये आफुलाई प्राप्त अधिकारको निष्पक्ष, स्वतन्त्र तवरले न्यायिक निरूपण गरी सबैका लागि समान न्याय प्रदान गर्नु हाम्रो कर्तब्य हो समान न्याय प्रदान गर्न न्यायिक समितिका पदाधिकारी एवं कर्मचारी, मेलमिलापकर्ता, सहजिकरण गर्ने ब्यक्ति एवं सम्पूर्ण नागरिकलाई न्यायको क्षेत्रमा सचेतना जगाउदै यसलाई आगामी दिनमा छिटो छरितो, विश्वासिलो एवं निष्पक्ष तवरले न्यायिक निरूपणलाई तिव्रता प्रदान गर्न तपशिलका कार्यक्रम संचालन गरिनेछन ।

- न्यायिक क्षेत्राधिकारका वारेमा नागरिक सचेतना सम्वन्धि तालिम संचालन गरिनेछ ।
- महीला संजालका महिलाहरूलाई कानूनी सचेतना तालिम संचालन गरिनेछ ।
- मेलमिलाप कर्तालाई सहजीकरण गर्न सक्ने गरी क्षमता विकास तथा पुनर्ताजगी तालिम संचालन गरिने छ ।
- पालिकास्तरिय मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
- मेलमिलाप कर्ताले मेलमिलाप गरायको प्रतिवेदन न्यायीक समितिमा पेश गरेको अवस्थामा न्यायीक समितिबाट सुविधा उपलब्ध गराइनेछ ।
- न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीलाई न्यायिक निरूपण सम्वन्धि पुनर्ताजगी तालिम दिइनेछ

## सूचना प्रविधि तर्फ

- तिनाउ गाउँपालिका सम्पुर्ण कर्मचारी र जनप्रतिनिधीहरू लगायत अन्य कर्मचरीहरूलाई सुचना प्रविधिको महत्व वृद्धि तथा विस्तार गरिने छ गाउँसभा सदस्य तथा विभिन्न उपसमिति, संयोजक ज्यूहरू माझ सुचना तथा संचार प्रणाली सुब्यवस्थित वनाउनका लागि स्मार्ट फोन तथा सुचना प्रबिधि तालिम संचालनमा ल्याइनेछ ।
- गाउँपालिका बासी जनताहरूमा सुचना प्रबिधिको पहुँच पुऱ्याई विद्युतिय सु-शासन सेवालाई सेवाग्राही केन्द्रित गराउनका लागि Paperless अवधारणा लाई कार्यान्वयनमा क्रमश ल्याइनेछ ।

- सुचना प्रविधिको अत्यधिक प्रयोग गर्ने, योजना र प्रशासन जस्ताका सफ्टवेयर जडान गर्ने लगायत
  प्रशासनिक सम्पुर्ण काम काज कम्प्युटराइज गर्न ICT सम्बन्धि तालिम दिने ब्यवस्था गरिनेछ ।
- वेवसाइट र डिजिटल नोटिस बोर्डको प्रयोग गरि सुचना प्रवाह बढाउने र इन्टरनेट जडानलाई विस्तार गरि
  गाउँपालिकाका जनताहरूलाई डिजिटल साक्षर वनाउदै शिक्षा शाखा संग समन्वय गरी यस गाउँपालिका भित्र रहेका विद्यालय शिक्षकहरूलाई सुचना प्रविधिको प्रयोग बढाउदै लगिने छ ।
- वडा नं. २ को मारावासमा एन.टि.सि. टावर राख्न आवश्यक पहल गर्ने ।

**सभाका सदस्यज्यूहरू**

## यस आ.ब.मा गरिने अन्य विषयगत कार्यक्रम

### गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)

स्थानीय तहमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) द्वारा सञ्चालित कार्यक्रमबाट आफ्नै स्रोतवाट संचालन गर्ने लघु उद्यम/उद्यमशीलता विकास/रोजगारी सिर्जना गर्ने जस्ता कार्यक्रमलाई बढाइने छ । गरिबीको रेखाभित्र पर्नेहरु मध्ये ६० प्रतिशतभन्दा कम आय भएका ब्यक्तिलाई उद्यमी सिर्जना,प्रवर्द्धन, विकास तथा विस्तारका लागि ब्यावसायिक सिपमुलक तालिम सञ्चालन गरिने छ । अति विपन्न वर्ग, पिछडिएका महिला, दलित, आदिवासी जनजातिहरु, दुर्गम तथा सेवाको पहुँच कम पुगेका क्षेत्रहरूमा यस कार्यक्रमलाई केन्द्रित गरिनेछ ।

### राष्ट्रिय परिचय पत्र तथा पंञ्जिकरण

- राष्ट्रिय परिचय पत्र तथा पंञ्जिकरण विभाग अन्तरगत सञ्चालित सामाजिक सुरक्षा तथा ब्यक्तिगत घट्ना दर्ता प्रणाली सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- पंञ्जिकरण शाखामा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायकको लागि एक अर्धवार्षिक बराबरको पारिश्रमिक श्रोत साझेदारी गरिने छ ।
- शारिरिक रूपमा अशक्त तथा दुर्गम वस्तीमा रहेका सेवाग्राहीको राहतको लागि छुट घटना दर्तालाई घरदैलोमा गई दर्ता अभियान चलाइनेछ ।

## गरिबी न्यूनिकरण तथा रोजगारीमा बृद्धि तर्फ : (प्रधानमन्त्री रोजगार कार्यक्रम)

नेपालको संविधानको धारा ३३ ले रोजगारीकोहकलाई मौलिकहकका रूपमा समावेश गरेको छ । सोही मौलिकहकको कार्यान्वयनगर्न आर्थिक बर्ष २०७५।७६ बाटप्रधानमन्त्री रोजगार कार्यक्रम सुरू भएको छ । आ.ब. ०७९।०८० मा तपशिलका कार्यक्रम संचालन गरिनेछ ।

- स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरू ब्यक्तिहरूलाई युवा रोजगारीका लागी रूपान्तरण पहल आयोजनाहरू तथा कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरू संचालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत सञ्चालन हुने आयोजनाहरूमा लाग्ने अत्यावश्यक निर्माण सामाग्री तथा औजारहरूको ब्यवस्था गरी थप सशक्त बनाउनका लागी पालिकाबाट थप सहयोग गरिनेछ ।
- रोजगार सेवा केन्द्रलाई थप सृदृढिकरण गरी श्रम बैंकको रूपमा स्थापित गरिनेछ ।
- बैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरूको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहन गरिनेछ ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी, सहकारी तथा गैर सरकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

## सहकारी कार्यक्रम तर्फ :

नेपाल सरकारको तीन खम्वे अर्थ नीति अन्तर्गत रहेको सहकारीको प्रवर्द्धन गरी सहकारीको पूंजिलाई अधिकतम उत्पादन र रोजगारीमूलक क्षेत्रमा लगानी गर्ने तर्फ उन्मुख गराउने उद्देश्य अनुरूप आवश्यक अनुगमन तथा नियमन गरिने छ । सहकारी सदस्यहरूलाई विशेष तालिम मार्फत क्षमता अभिबृद्धि गर्ने गरी वजेटको ब्यवस्था गरिने छ । एक घर एक सहकारी सदस्यको नीति लागु गदै सहकारी मार्फत उत्पादन वृद्धि गरिने छ । पालिका भित्रका कृषि संग आवद्ध सहकारीहरूलाई संजालमा आवद्ध गरि ब्यवसायीक तरकारी खेती प्रणाली सुरूगरी सहकारी मार्फत उत्पादित कृषिउपज विक्री वितरण प्रकृयालाई प्राथमिकता दिई उत्पादनका आधारमा कार्यविधि वनाई अनुदान समेतको ब्यवस्था गरिने छ । एकै कार्य क्षेत्र भित्र एकै विषयका एक भन्दा वढि सहकारी स्थापनालाई निरूत्साहित गरिने छ । हालको सहकारी नियमावली लागु हुनु भन्दा पहिले नै दर्ता भई चलिरहेका एकै प्रकृतीका सहकारीहरूलाई मर्ज गरिदै लगिने नीति पालना गरिने छ । सहकारीका ब्यवस्थापक तथा पदाधिकारीहरूलाई सहकारी शिक्षा, सहकारी ब्यवस्थापन, र सहकारी लेखा तालिम संचालन गरिने छ ।

वार्षिक रूपमा सहकारीको अनुगमन गरिनेछ । कुनै पनि सहकारीले तालिम आयोजनाका लागि म्याचिङ सहितको प्रस्तावना पेश भएकोमा प्रशिक्षकको खर्च (पालिकावाट पासभएको दरल) उपलब्ध राइनेछ ।

## कर्मचारीकल्याण कोष तर्फ

तिनाउ गाउँपालिकामा कार्यरत स्थानीय सेवा, अन्य सेवा वाट यस गाउपालिकामा कार्यरत स्थायी तथा अस्थायी कर्मचारीहरूलाई आफ्नो सेवा वाट अवकास लिदाका वखतमा उपलब्ध गराउनु पर्ने निवृत्तिभरण लगायतका सेवा सुविधा भुक्तानी दिन एक कर्मचारी कल्याणकोषको स्थापना गरी साल बसाली उक्त कोषमा कम्तीमा रकम जम्मा गर्दै लगिने छ र भुक्तानी दिनेवेलामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारवाट तयार गरिएको कार्यविधीका आधारमा भुक्तानी दिने ब्यवस्था मिलाइने छ । यस कोषको रकम अन्य शिर्षकमा खर्च गर्न पाइने छैन ।

## सुकुम्बासी सम्वन्धमा

सुकुम्बासीहरूको पहिचान गरी त्यसको सुची तयार गर्ने कार्यलाइ अगाडी बडाइने छ साथै पालिकालाई सुकुम्बासी मुक्त क्षेत्रको रूपमा घोषणा गर्ने गरी कार्यक्रम ल्याईने छ । तिनाउ गाउँपालिका भित्र अब्यवस्थीत बसोवास रहेका करिव २००० जना र भूमीहीन करिव ३०० जना रहेको अनुमान गरीएको छ । हालसम्म पालिका भित्र अब्यवस्थित बसोवास गरेका ३०८ जनाको लगत तयार भएको छ भने भूमिहीन २० जनाको लगत तयार भएको छ । लगत कायम गर्ने कार्यलाई निरन्तरता दिइने छ लगत संकलन गर्ने बाँकी कार्य सम्पन्न गर्न राष्ट्रिय भूमी आयोग जिल्ला कार्य समिति पाल्पा संग समन्वय गरी अगाडि वढाइनेछ ।

## सेवाग्राही हेल्प डेक्स स्थापना

गाउँपालिका कार्यालयवाट सेवा लिन आउने सेवाग्राहीहरू अलमलमा नपरून र सेवाग्राहीहरूले पालिकावाट छिटोभन्दा छिटो सेवा प्राप्त गर्न सकुन भनी गाउ पालिकाले एक सेवाग्राही हेल्पडेक्स निर्माण गरी एक कर्मचारी समेतको ब्यवस्था मिलाइएको छ ।

## सुरक्षित आवास कार्यक्रम तर्फ

गाउँपालिकावाट विगत वर्षहरूमा पनि खर, फुसको छाना हटाउने अभियान संचालन गर्दै वार्षिक रूपमा जस्तापाता खरिद गरी वितरण गरिदै आइरहेको छ । गत आ.ब. ०७७।०७८ देखि नेपाल सरकारले सुरक्षित आवास कार्यक्रम लागु गरी खर फुसका छाना हुनेलाई जस्तापाता लगाउन अनुदान उपलब्ध गराउने गरी कार्यक्रम संचालन गरेकोछ । यस कार्यक्रमलाई यस आ.ब. ०७९।०८० मा पनि निरन्तरता दिइनेछ ।

विविधः

- विशेषनापी कार्यालयबाट सुरू गरिएको डिजिटल नापी कार्यलाई तिनाउ गा.पा.का सबै वडाहरूमा क्रमश संचालन गरिनेछ ।
- संचारकर्मीहरू संगको सहकार्यमा गाउँपालिकाले गरेका कामको यथार्थ विवरण जनसमुदाय समक्ष पु¥याइनेछ ।
- जनताको सुसुचित हुनपाउने सूचनाको हक प्रत्याभूत गर्न कार्यालयबाट संपादित कार्यहरूको सार्वजनिक सुनवाई, सार्बजनिक परीक्षणलाई निरन्तरता दिइनेछ ।
- तिनाउ गाउँपालिकाको मुखपत्र तिनाउ संदेशलाई निरन्तरता दिइने छ ।
- गा.पा.का कर्मचारीहरूको लागि कार्यविधि वनाई सोही अनुसार स्थानीय भत्ता उपलब्ध गराउन पहल गरिनेछ
- गाउँपालिका क्षेत्र भित्र रहेका उद्योग, कलकारखाना, फर्म, पसल, होटलहरूलाई अनिवार्य रूपमा गाउँपालिकामा दर्ता गरी दर्ता प्रमाणपत्र दिने र वार्षिक नविकरण गर्नुपर्ने नियमलाई अनिवार्य गरिनेछ ।
- गाउँसभाबाट पारीत भएका योजनाहरूको पौषको अधिवेशन पुर्वनै संझौता गरी पूर्वाधार निर्माणकार्य सुरू गरिनेछ । १० लाख माथीका योजनामा उपभोक्ता समितिवाट गुणस्तरिय कार्य तथा वढी जनसहभागिता गराई कार्य सम्पन्न गर्ने उपभोक्ता समितिहरूको मूल्यांकनको मापदण्ड वनाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

सभाका सदस्यज्यूहरू
अन्तमा,

हामीले विकास निर्माण र जनसेवाको काममा पनि उत्कृष्टता हासिल गर्ने अभिप्रायले जनताको अमुल्यमत प्राप्त गरी जनताको सेवाका लागि यो गरिमामय सभामा आएका छौ । यसको लागि सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी, मित्रहरू एकतावद्ध भई र सकृयता पूर्वक लाग्न जरुरी देखिन्छ । यसकोलागि कर्मचारी, समाजका अगुवा, बुद्धिजीवी, शिक्षक, समाज सेवी, पार्टी प्रतिनिधि सबैको साथ र सहयोग लिएर आम जनतालाई परिचालन गर्न म सम्पूर्ण जनप्रतिनिधि मित्रहरूलाई हार्दिक अपिल गर्दछु । विगत ५ वर्ष देखि जनप्रतिनिधिको रूपमा अहोरात्र खटिई तिनाउ गाउपालिकाको विकासको प्रारम्भिक रूपरेखा तयार गर्नु भएका निवर्तमान अध्यक्ष, उपाध्यक्ष लगायत गाउसभाका सम्पूर्ण सदस्य ज्यूहरू विदाका दिनमा समेत दिनरात गाउँपालिकाको काममा खटिनुहुने कर्मचारीहरू सबै प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

आ.ब. ०७९।०८० को प्रस्तुत तिनाउ गाउँपालिकाको नीति तथा कार्यक्रम सम्वन्धमा यस गरिमामय गाउँसभाका संपूर्ण सदस्यहरूको रचनात्मक सल्लाह सुझावको अपेक्षा राखेको छु । यो नीति तथा कार्यक्रम तय गर्दा नेपाल सरकार लुम्विनी प्रदेश सरकारको नीति कार्यक्रमलाई समेत मध्यनजर राखिएको छ । गाउँपालिकाको आ.ब. ०७९।०८० को नीति तथा कार्यक्रम तर्जुमाको सिलशिलामा रायसुझाव दिनुहुने निवर्तमान अध्यक्ष, उपाध्यक्ष लगायत जनप्रतिनिधि ज्यूहरू पालिकामा कृयाशिल राजनैनिक पार्टीका प्रमुख तथा प्रतिनिधि ज्यूहरू, समाजसेवी , शिक्षा प्रेमी बुद्धिजीवी महानुभावहरूको राय र सुझावहरूलाई समेत समावेश गरि नीति तथा कार्यक्रम ल्याइएको छ । यस वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने शिलसिलामा अत्यन्त महत्वपूर्ण योगदान पुऱ्याउनु हुने गा.पा. उपाध्यक्ष, प्र.प्र.अ., वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरू, लगायत विषयगत शाखा प्रमुखहरू, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

समृद्ध तिनाउ निर्माण गर्ने हाम्रो अभियानमा प्रस्तुत नीति तथा कार्यक्रमहरू महत्वपूर्ण मार्ग दर्शक सिद्धान्तको रूपमा रहने छ भन्ने आशा एवं विश्वास लिएको छु । गाउँपालिकाको वृहत्तर हित विकास र समृद्धीका लागि सबैको साथ सहयोग र सहकार्य निरन्तर रहिरहने अपेक्षा समेत गर्दछु ।

धन्यवाद

मिति २०७९।०३।०९